वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक २९२ | २०८२ फागुन २९ गते शुक्रबार, नेपाल सम्वत् ११४६ March 13, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## निर्वाचन प्रहरीको विदाई

प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षार्थ तनहुँमा नियुक्त गरिएका निर्वाचन प्रहरीलाई विहीबार प्रमाणपत्र प्रदान गरी विदाई गरिदै । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि निर्वाचन प्रहरीले खेलेको भूमिकाको प्रशंसा गर्दै तनहुँका प्रहरी उपरीक्षक टेक बहादुर कार्कीको उपस्थितिमा प्रमाण पत्र प्रदान गरी विदाई गरिएको थियो ।

*तस्विर : भञ्ज्याङ*

# प्रतिनिधि सभामा कांग्रेस अहिलेसम्मकै कमजोर

**मधुसुधन भट्टराई**/काठमाडौं

प्रतिनिधि सभामा नेपाली कांग्रेसको उपस्थिति २०४८ साल यताकै कमजोर हुने निश्चित भएको छ। २०४६ सालको जनआन्दोलनको सफलतापछि अहिलेसम्म प्रतिनिनिधि सभाका (दुई संविधान सभासहित) ८ निर्वाचन भएका छन्। ०४८, ०५१, ०५६, ०६४, ०७०, ०७४, ०७९ र ०८२ मा गरी ८ निर्वाचनमा भाग लिएको कांग्रेसको उपस्थिति ०८२ मा सबैभन्दा कमजोर देखिएको हो । निर्वाचन आयोगको तथ्याङ्क अनुसार ती ८ मध्ये कांग्रेस अहिलेसम्म ४ वटा निर्वाचनबाट प्रतिनिधि सभाको सबैभन्दा ठुलो दल भएको छ भने ४ निर्वाचनमा दोस्रो दल भएको छ । तर, उपस्थितिका हिसाबले अहिले सबैभन्दा कमजोर देखिएको हो।

कांग्रेसले ०४८ सालको निर्वाचनमा प्रतिनिधि सभाका २०५ सिटमध्ये ११० मा जित हासिल गर्दै पूर्ण बहुमत प्राप्त गरेको थियो। त्यतिबेला कांग्रेसले जम्मा सिट संख्याको ५३.६६ प्रतिशतमा जितेको थियो । त्यो निर्वाचनमा दोस्रो भएको एमालेले ६९ सिटमा जितेको थियो ।

०५१ सालमा भएको मध्यावधि निर्वाचनमा कांग्रेस दोस्रो ठुलो पार्टी बन्यो । २०५ सिटका लागि भएको निर्वाचनमा एमालेका ८८ उम्मेदवार निर्वाचित हुँदा कांग्रेसका ८३ उम्मेदवारमात्र निर्वाचित भए । प्रतिनिधि सभाको जम्मा सिट संख्याको ४०.४९ प्रतिशत त्यतिबेला कांग्रेसले जितेको थियो ।

०५६ सालमा २०५ सिटका लागि भएको निर्वाचनमा कांग्रेस पहिलो पार्टी बन्यो । त्यो निर्वाचनमा कांग्रेसका १११ उम्मेदवार निर्वाचित भए । जो जम्मा सिट संख्याको ५४.१५ प्रतिशत हो । त्यो निर्वाचनमा एमालेका ७१ उम्मेदवार निर्वाचित भएका थिए । एमाले दोस्रो पार्टी बनेको थियो ।

०६४ सालमा भएको पहिलो संविधान सभाबाट प्रत्यक्ष र समानुपातिक प्रणाली गरी दुई प्रणालीबाट सांसद चुनिने व्यवस्था गरियो । ६०१ सिट निर्धारण गरी २४० प्रत्यक्षतर्फ ३३५ समानुपातिक तर्फ र २६ जना मनोनीत हुने व्यवस्था गरियो । त्यो निर्वाचनमा कांग्रेस दोस्रो ठुलो पार्टीमा झऱ्यो। सबैभन्दा ठुलो पार्टी बनेको तत्कालीन नेकपा माओवादीले प्रत्यक्षतर्फ १२० र समानुपातिकतर्फ १०० सिट गरी २२० सिट जितेको थियो । माओवादीले मनोनीतबाट पनि ९ सिट पायो । त्यो जोड्दा माओवादीको २२९ सिट भयो ।

दोस्रो पार्टी भएको कांग्रेसले प्रत्यक्षतर्फ ३७ र समानुपातिकतर्फ ७३ सिट गरी ११० सिट र मनोनीततर्फ ५ सिट पायो । यसरी हेर्दा यो निर्वाचनमा कांग्रेसको उपस्थिति जम्मा सिट संख्याको १९.१३ प्रतिशत थियो ।

पहिलो संविधान सभाले संविधान जारी गर्न नसकेपछि २०७० सालमा भएको दोस्रो संविधान सभा निर्वाचनमा भने कांग्रेस पहिलो पार्टीमा उक्लियो । कांग्रेसले प्रत्यक्षमा १०५, समानुपातिकमा ९१ र मनोनीत १० गरी २०६ सिटसहित पहिलो पार्टी बन्यो । त्यो निर्वाचनमा कांग्रेसको जम्मा सिट संख्याको ३४.२७ प्रतिशत थियो । एमाले प्रत्यक्षमा ९१, समानुपातिकमा ८४ सिट ल्याउँदै दोस्रो ठुलो पार्टी बनेको थियो ।

२०७२ साल असोज ३ गते संविधान सभाबाट संविधान जारी भएपछि प्रतिनिधि सभाको प्रत्यक्षतर्फ १६५ र समानुपातिक तर्फ ११० सिटसहित २७५ सदस्यीय हुने व्यवस्था गरियो । त्यही प्रावधान अनुसार ०७४ मा भएको निर्वाचनमा कांग्रेस फेरि दोस्रो ठुलो दलमा झऱ्यो । त्यो निर्वाचनमा एमाले प्रत्यक्षतर्फ ८४ र समानुपातिकतर्फ ४१ सिट जित्दै पहिलो पार्टी बन्दा कांग्रेस प्रत्यक्षतर्फ २३ र समानुपातिकतर्फ ४० सिट जित्दै दोस्रो ठुलो पार्टी बन्यो । त्यो बेला कांग्रेसको प्रतिनिधि सभामा सम्पूर्ण सिट संख्याको २२.९१ प्रतिशत उपस्थिति थियो ।

०७९ मा भएको प्रतिनिधि सभा निर्वाचनमा कांग्रेस सबैभन्दा ठुलो पार्टी बन्यो । कांग्रेसले प्रत्यक्षतर्फ ५७ र समानुपातिकतर्फ ३२ सिटसहित ८९ सिट जित्यो । त्यो सम्पूर्ण सिट संख्याको ३२.३६ प्रतिशत थियो । त्यो निर्वाचनमा एमाले प्रत्यक्षतर्फ ४५ र समानुपातिकतर्फ ३४ गरी ७९ सिटसहित दोस्रो ठुलो दल बनेको थियो ।

०८२ फागुन २१ गते भएको निर्वाचनमा कांग्रेस दोस्रो दलमा झरेको छ र ०४८ देखि अहिलेसम्म भएका ८ निर्वाचनमध्ये प्रतिनिधि सभामा कमजोर उपस्थिति जनाउने निश्चित भएको छ। कांग्रेसले २७५ सदस्यीय प्रतिनिधि सभामा प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० सिट गरी जम्मा ३८ सिट मात्रै जितेको छ । त्यो सम्पूर्ण सिट संख्याको १३.८२ प्रतिशतमात्रै हो ।

यो निर्वाचनमा प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सिट जित्दै राष्ट्रिय स्वतन्त्र पार्टी पहिलो ठुलो

बाँकी तेश्रो पेजमा

**यस्तो छ कांग्रेसले ल्याएको सिट संख्या र प्रतिशत**

| क्र.स | निर्वाचन मिति | पूर्ण सांसद संख्या | कांग्रेसका सांसद संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १ | वि.सं. २०४८ | २०५ | ११० | ५३.६६ |
| २ | वि.सं. २०५१ | २०५ | ८३ | ४०.४९ |
| ३ | वि.सं. २०५६ | २०५ | १११ | ५४.१५ |
| ४ | वि.सं. २०६४ | ६०१ | प्रत्यक्ष ३७ समानुपातिक ७३, मनोनित ५ = ११५ | १९.१३ |
| ५ | वि.सं. २०७० | ६०१ | प्रत्यक्ष १०५ समानुपातिक ९१, मनोनित १० = २०६ | ३४.२७ |
| ६ | वि.सं. २०७४ | २७५ | प्रत्यक्ष २३ समानुपातिक ४० = ६३ | २२.९१ |
| ७ | वि.सं. २०७९ | २७५ | प्रत्यक्ष ५७ समानुपातिक ३२ = ८९ | ३२.३६ |
| ८ | वि.सं.२०८२ | २७५ | प्रत्यक्ष १८ समानुपातिक २० = ३८ | १३.८२ |

# आँबुखैरेनीमा कक्षा ११ र १२ का विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण

**भञ्ज्याङ समाचारदाता**/आँबु

तनहुँको आँबुखैरेनी गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम अनुसार कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको छ । गाउँपालिकाले ७५ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको हो ।




गाउँपालिकामा विहीबार आयोजित कार्यक्रममा रामशाह माध्यमिक विद्यालय का ४० जना, मित्रता माध्यमिक विद्यालयका ३० जना तथा अन्य स्थानमा अध्ययनरत ५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकाले प्रति विद्यार्थी दश हजार रूपैयाँका दरले सात लाख ५० हजार रूपैयाँ छात्रवृत्ति बापतको रकम वितरण गरेको छ।

शिक्षा क्षेत्रको विकास गाउँपालिकाको प्रमुख प्राथमिकतामा रहेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले बताए। 'विद्यार्थीलाई अध्ययनमा थप उत्साह मिलोस् भन्ने उद्देश्यले छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको हो', उनले भने, 'आर्थिक अभावका कारण कुनै पनि विद्यार्थीको पढाइ प्रभावित नहोस् भन्ने सोचका साथ यस्ता कार्यक्रमलाई निरन्तरता दिइने नीति गाउँपालिकाले बनाएको छ ।'

यस प्रकारको छात्रवृत्तिले विद्यार्थीहरूको शैक्षिक गतिविधिमा टेवा पुग्ने, अध्ययनप्रति थप प्रेरणा मिल्ने तथा गुणस्तरीय शिक्षा हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# गाउँलाई पुनर्जीवन दिऊ

असार र साउन महिना नेपाली समाजको मौसमी र सांस्कृतिक जीवनशैलीसँग गहिरो सम्बन्ध राख्छ । वर्षातसँगै खेतबारी, पाखापखेरामा हुने कृषिकर्म, आँगनमा सुली बनेर सुकाइएका मकै, गोठमा गाईभैसी, धानका भकारी– यी सबै हाम्रो गाउँजीवनका प्राणवान दृश्य हुन्। तर दुःखको विषय के छ भने, यस्ता दृश्यहरु अब केवल स्मृतिमा सीमित हुँदै गएका छन्। खेतीयोग्य जमिन बाँझिंदै गएको छ, उत्पादनशील जमिन झाडी र वनजंगलमा परिणत भइरहेको छ । यसको मुख्य कारण गाउँबाट युवाशक्ति पलायन हुनु हो। विदेश रोजगारी र शहरमुखीकरणले गाउँको सामाजिक संरचना मात्र होइन, संस्कृतिलाई समेत बिथोल्दै लगेको छ। शिक्षादेखि स्वास्थ्यसम्मका आधारभूत सेवाहरूको अभावले गाउँले शहर पस्न वा विदेशिन बाध्य भएका छन्। यो बाध्यता गाउँलाई वृद्धवृद्धा मात्र बसोवास गर्ने सुनसान र उजाड बस्ती बनाइरहेको छ ।

हिजोका गाउँघर चाडपर्वमा रमाइला, सामूहिकतामा जीवन्त हुन्थे। आज त्यो रौनक हराउँदै गएको छ। आयातित संस्कृति र देखावटी प्रचलनले हाम्रो मौलिक संस्कृति ओझेलमा परेको छ। चाडपर्व विलासी उपभोगमा सीमित हुँदा हाम्रो पहिचान नै संकटमा परेको छ। संस्कृतिको जगेर्ना असफल हुनुको एउटा ठुलो कारण आर्थिक असुरक्षा हो। गरिबी र रोजगारीको अभावमा संस्कृति संरक्षण पनि दुरावस्थामा पुगेको छ । राजनीतिक परिवर्तनका माध्यमबाट देशले अधिकार र स्वतन्त्रता त प्राप्त गऱ्यो, तर ती अधिकारलाई स्थायी बनाउन आवश्यक आर्थिक क्रान्ति अझै सम्पन्न हुन सकेको छैन । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको डेढ दशकपछि पनि मुलुक उत्पादनमुखी अर्थतन्त्रतर्फ डगमगाउन नसक्नु ठूलो विडम्बना हो । अझ पीडादायी कुरा– देशको मेरूदण्ड मानिने युवा शक्ति दैनिक हजारौंको संख्यामा वैधानिक बाटोमार्फतै विदेशिनु हो । यसरी निरन्तर युवाशक्ति गुमाइरहनु मुलुकका लागि घातक संकेत हो। राजनीतिक नेतृत्वले यस अवस्थालाई गम्भीरतापूर्वक नलिनु मुलुकको सबभन्दा ठूलो दुर्भाग्य हो ।

समाजको यथार्थ स्पष्ट छ– शिक्षा, स्वास्थ्य, रोजगारी, आवास जस्ता आधारभूत सुविधा गाउँमै सहज उपलब्ध नभएसम्म गाउँ बस्न सजिलो हुँदैन। शहर पस्न सजिलो र गाउँ बस्न असजिलो हुने अवस्था कायम रहँदा "गाउँ फर्काउने सपना" केवल भाषणमा सीमित हुन्छ । यथार्थमा कुनै युवा वा परिवार आफ्नो जीवनका आधारभूत आवश्यकता अपूरा राखेर गाउँ फर्कन सक्दैन । यस्तो अवस्थामा अबको आवश्यकता भनेको तीनै तहका सरकारबीच सशक्त समन्वय र जवाफदेहीपन हो। विशेष गरी स्थानीय सरकारलाई 'घरदैलोको सरकार' भनिएको छ। त्यसैले स्थानीय सरकार बढी जिम्मेवार बन्नु अनिवार्य छ। गाउँका आवश्यकता बुझ्ने, नीति–कार्यक्रम र बजेट बनाउने, अनि त्यसलाई इमानदारीपूर्वक कार्यान्वयन गर्ने जिम्मेवारी पनि स्थानीय सरकारकै हो । गाउँलाई पुनर्जीवन दिन सक्ने मुख्य क्षेत्रहरु पहिचान गर्न कठिन छैन । कृषि, पशुपालन, घरेलु उद्योग, पर्यटन, सीपमूलक रोजगारी, डिजिटल पहुँच, स्वास्थ्य र शिक्षा। यी क्षेत्रमा समान र न्यायपूर्ण विकासमार्फत मात्र गाउँ आकर्षक बन्न सक्छ। युवालाई गाउँमै आत्मनिर्भर बनाउने वातावरण सिर्जना गर्न सकियो भने पलायन रोकिन्छ । आत्मनिर्भर गाउँ मात्र समृद्ध नेपाल निर्माणको आधार हो । हामी प्राकृतिक स्रोत–साधनमा धनी छौं। तर मानव स्रोत पलायन भइरहेको छ। यो अवस्थालाई उल्ट्याउन सक्ने शक्ति हामी आफैंमा छ। आवश्यक कुरा भनेको इच्छाशक्ति र व्यवहारिक कार्यान्वयन हो। गाउँ उज्यालो हुँदा मात्र शहर र देश उज्यालो हुन्छ भन्ने चेतना सबै तहका नेतृत्व र नीतिनिर्मातामा जागृत हुनुपर्छ।

समृद्ध नेपाल बनाउने बाटो शहरको चमकधमकमात्र होइन, गाउँको जीवन्ततामा पनि निहित छ । गाउँमा आत्मसम्मानका साथ बस्न सक्ने आधार बनाइए मात्र युवा फर्किन्छन्, संस्कृतिको संरक्षण हुन्छ र हाम्रो मौलिक पहिचान सुरक्षित हुन्छ। अन्ततः आजको आवश्यकता हो– गाउँलाई फेरि गुल्जार बनाउने। तीजजस्ता पर्व गाउँमै रमाउने वातावरण बनाउनुपर्छ । युवाहरु स्वदेशमै आत्मनिर्भर बन्न सकून्, संस्कृति जोगाउन गर्व गर्न सकून– यही हो समृद्ध नेपालको मार्ग। हामी गरिब जन्मेका हौं, तर गरिबी हाम्रो नियति होइन । यसको अन्त्य हाम्रो साझा जिम्मेवारी हो ।

इ.नं. ९४३/०७३/७४ ला.नं. ६२/०७४/७५ जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np
ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

# एल्गोरिदम, आक्रोश र कथानक : राजनीति वा भावनाको व्यापार

**यही एल्गोरिदमको खेल सन् २०२२ को अन्त्यतिर इरानमा 'माहसा अमिनी'को मृत्युपछिको आन्दोलनमा व्यापक प्रयोग भएको थियो। न्याय र अधिकारका जायज मुद्दाहरूलाई भावनात्मक क्लिप, अधुरो भिडियो र ट्रिगर वाक्यांशमार्फत यति चरम बनाइयो कि वार्ताको कुनै ठाउँ नै बाँकी रहेन। परिणामस्वरूप राज्य झन् कठोर भयो, आन्दोलन दमनमा पऱ्यो र वास्तविक सुधारको ठाउ सधैका लागि साघुरियो। भदौ २४ मा नेपालमा भएको आगजनी र लुटपाट पनि त्यही एल्गोरिदमले उब्जाएको अन्ध-आक्रोशको परिणाम थियो।**



♦ दीपक न्यौपाने

आजको नेपाली राजनीति हेर्दा एउटा असहज र पेचिलो प्रश्न उठ्छ– के हामी नीति, सिद्धान्त र एजेन्डाको राजनीतिमा छौं वा भावना, आक्रोश र पीडाको व्यापारमा ? लोकतन्त्रको प्रारम्भिक कालखण्डमा राजनीति विचारको संघर्ष थियो। दलहरूबीच वैचारिक मतभेद हुन्थे, नीतिमा बहस हुन्थ्यो र मतदाताले आफ्नो भविष्यको मार्गचित्र रोज्थे। तर डिजिटल युगको उदय र सामाजिक सञ्जालको सर्वव्यापी उपस्थितिसँगै राजनीति अब 'कथानक'मा रूपान्तरित भएको छ। अब जित्ने पक्ष त्यो होइन जसको नीति उत्कृष्ट छ, बरू त्यो हो जसले मान्छेको आदिम भावना, डर, रिस, बदला र पीडालाई सबैभन्दा तीव्र रूपमा 'ट्रिगर' गर्न सक्छ।

भदौ २३ र २४ का त्रासदीपूर्ण घटनाहरु यही नयाँ राजनीतिक युगको सबैभन्दा डरलाग्दो ऐना हुन्। तर यो ऐना केवल नेपालको मात्र होइन; यो आजको विश्व राजनीतिमा प्रयोग भइरहेका भावनात्मक विद्रोहका स्क्रिप्टहरूसँग गहिरोसँग जोडिएको छ।

भदौ २३ गतेको आन्दोलन सतहमा हेर्दा भ्रष्टाचारविरूद्धको एउटा स्वतःस्फूर्त नागरिक आवाज जस्तो देखिन्थ्यो। प्लेकार्ड बोकेका युवा, विद्यार्थीका नारा र माइतीघरको माहोल लोकतान्त्रिक र जायज देखिन्थ्यो। तर जब भीड बानेश्वरतर्फ अघि बढ्यो, यसको चरित्र बदलिएको स्पष्ट देखियो। आन्दोलनमा सहभागी अधिकांश युवा साँच्चिकै आक्रोशित थिए– बेरोजगारी, भ्रष्टाचार र अवसरको खडेरीले उनीहरूलाई सडकमा ल्याएको थियो।

तर ती युवाहरु निर्णयकर्ता थिएनन्; उनीहरु प्रयोगकर्ता मात्र थिए। निर्णय गर्नेहरु पर्दा पछाडिबाट 'सिन' नियन्त्रण गरिरहेका थिए। बानेश्वर पुग्दा आन्दोलनले 'घुसपैठ'को स्वरूप ग्रहण गऱ्यो। अब कुरा सुधारको रहेन, 'कब्जा'को भयो। संसद् भवन कब्जा गर्ने असंवैधानिक र अराजक सपनालाई क्रान्तिको प्रतीक बनाइयो र यहींबाट राज्यसँगको प्रत्यक्ष भिडन्तको भयावह स्क्रिप्ट सुरू भयो।

यही मोड सन् २०२२ मा श्रीलंकामा देखिएको थियो। कोलम्बोमा सुरू भएको 'गोटा गो होम' आन्दोलन भ्रष्टाचार र आर्थिक संकटविरूद्धको जायज आक्रोश थियो। तर, जुलाई ९, २०२२ मा राष्ट्रपति भवन कब्जा गर्ने क्षणदेखि आन्दोलन नागरिक प्रतिरोधबाट राज्यविहीन अराजकतातर्फ मोडियो। अन्ततः सरकार ढल्यो, तर आर्थिक स्थिरता आएन बरू मुलुक झन् गहिरो ऋण र अन्तर्राष्ट्रिय वित्तीय नियन्त्रणको घेराबन्दीमा फस्यो। नेपालको भदौ २३ को प्रयास पनि ठीक त्यही शैलीमा राज्यका संस्थाहरूलाई पंगु बनाउने उद्देश्यबाट प्रेरित देखिन्छ।

भदौ २३ गते प्रहरीमाथि गरिएको आक्रमण र संसद् भवनमा आन्दोलनकारी पस्दा राज्यको सुरक्षा संयन्त्र प्रतिकार गर्न बाध्य भयो। गोली चल्यो, २१ जनाको ज्यान गयो। तर प्रश्न केवल 'गोली किन चल्यो ?' भन्ने मात्र होइन। मुख्य प्रश्न हो– के यो टकराव अपरिहार्य बनाइएको थियो ? गोली चल्ने बित्तिकै तत्कालै अर्को कथा फैलाइयो– 'अन्यत्रबाट पनि गोली चल्यो।' कसले चलायो र किन चलायो भन्ने प्रश्नहरु पुष्टि गर्नभन्दा पनि अनिश्चितता फैलाउन प्रयोग गरिए। सूचना भीडलाई शान्त पार्न होइन, झन् उत्तेजित बनाउन हतियारका रूपमा प्रयोग गरियो।

यही रणनीति सन् २०१३ पछि बङ्गलादेशमा बारम्बार देखियो। विशेष गरी २०१३ को 'शाहबाग' आन्दोलन र पछिल्ला वर्षहरूमा भएका विभिन्न विद्यार्थी आन्दोलनहरूमा गोली कसले चलायो भन्ने सत्यभन्दा 'राज्य हत्यारा हो' भन्ने फ्रेमलाई यति तीव्र बनाइयो कि त्यसले अन्ततः सैन्य–नागरिक सन्तुलन नै बिगारिदियो। नेपालमा पनि भदौ २३ पछि ठ्याक्कै त्यही 'फ्रेमिङ' गरेर सुरक्षा निकायलाई हतोत्साहित पार्ने र जनतालाई राज्यविरूद्ध विद्रोही बनाउने काम गरियो।

भदौ २४ गते नेपालको आधुनिक इतिहासकै एक कालो दिन बन्यो। ६० अर्बभन्दा बढीको भौतिक क्षति, ५४ जनाको मृत्यु र सडकमा राज्यको उपस्थितिको अभाव। तर भौतिक क्षतिभन्दा ठूलो क्षति मनोवैज्ञानिक स्तरमा भइरहेको थियो। सामाजिक सञ्जालका एल्गोरिदमहरूले आगोमा घिउ थपे। सिलिकन भ्यालीका फर्मुलाहरूले सधैं द्वेष, घृणा र चरम भावुकतालाई प्राथमिकता दिन्छन् किनकि 'इंगेजमेन्ट' नै उनीहरूको मुनाफाको मूल आधार हो। 'तपाईंको सन्तान मरेको भए के हुन्थ्यो ?' जस्ता मानसिक ट्रिगरहरूले तथ्य र तर्कलाई पूर्णतः विस्थापित गरिदिए।

यही एल्गोरिदमको खेल सन् २०२२ को अन्त्यतिर इरानमा 'माहसा अमिनी'को मृत्युपछिको आन्दोलनमा व्यापक प्रयोग भएको थियो। न्याय र अधिकारका जायज मुद्दाहरूलाई भावनात्मक क्लिप, अधुरो भिडियो र ट्रिगर वाक्यांशमार्फत यति चरम बनाइयो कि वार्ताको कुनै ठाउँ नै बाँकी रहेन। परिणामस्वरूप राज्य झन् कठोर भयो, आन्दोलन दमनमा पऱ्यो र वास्तविक सुधारको ठाउँ सधैंका लागि साँघुरियो। भदौ २४ मा नेपालमा भएको आगजनी र लुटपाट पनि त्यही एल्गोरिदमले उब्जाएको अन्ध–आक्रोशको परिणाम थियो।

भौतिक संरचना त फेरि बन्लान्, तर गुमेका ज्यानहरु कहिल्यै फर्किंदैनन्। तर एउटा गम्भीर प्रश्न ओझेलमा पारियो– मान्छे किन मरे ? कसले भीड उक्सायो? कसले आक्रोशलाई आगो बनायो ? यी प्रश्नहरूको कानुनी उत्तर खोज्नुभन्दा पहिले नै सडकबाट फैसला सुनाइयो। प्रधानमन्त्री र गृहमन्त्रीलाई भीडको अदालतमा दोषी ठहर गरियो। यस्तो लोकतन्त्रमा होइन, भीडतन्त्रमा मात्र हुन्छ। बुल्गेरियामा सन् २०१३ देखि २०२० को बीचमा ठ्याक्कै यही नियति दोहोरिएको थियो। भ्रष्टाचारविरूद्धको आन्दोलन भावनात्मक उचाइमा पुग्दा त्यहाँ संस्थागत सुधार होइन, केवल राजनीतिक अस्थिरता मात्र आयो। पाँच वर्षमा सात पटक सरकार फेरिए, तर भ्रष्टाचार र बेथिति भने ज्युँका त्युँ रहे।

यी सबै अराजकता र आक्रोशको एउटा निश्चित राजनीतिक गन्तव्य देखिन्छ– फागुन २१ को निर्वाचन। भावनालाई मतमा बदल्ने, राज्यलाई अपराधी प्रमाणित गर्ने र आफूलाई एक मात्र 'उद्धारकर्ता'का रूपमा उभ्याउने यो खेल अत्यन्तै रणनीतिक छ। माडागास्करमा सन् २००९ को राजनीतिक संकटको बेला यही अभ्यास गरिएको थियो। त्यहाँ भावनात्मक विद्रोहको बलमा सरकार त ढल्यो र चुनाव पनि आयो, तर त्यसले देशलाई दशकौंसम्म राजनीतिक संक्रमण र आर्थिक मन्दीको दुष्चक्रमा फसायो। नेपालमा पनि अहिले जेनजीका आदर्शवादी युवाहरु सडक र अस्पतालमा बलिदान भइरहँदा, आन्दोलन 'हाइज्याक' गर्ने पात्रहरु भने सत्ताको सिँढी चढ्ने दाउमा छन्। यो विश्वव्यापी ट्रेन्ड हो– आदर्शवादीहरु बलिदानमा होमिने र रणनीतिक खेलाडीहरु सत्तारोहणमा पुग्ने।

जब राज्यका संस्थामाथिको विश्वास नियोजित रूपमा भत्काइन्छ र भीड नै न्यायाधीश बन्न खोज्छ, त्यसपछि विदेशी हस्तक्षेप 'सहयोग'को नाममा प्रवेश गर्छ। इतिहासले यही देखाएको छ। यो लेख कुनै सरकारको प्रतिरक्षा होइन र कुनै आन्दोलनको निन्दा पनि होइन। यो त केवल भावनालाई हतियार बनाएर देशलाई अस्थिर बनाउने राजनीतिक अभ्यासविरूद्धको चेतावनी हो।

अब प्रश्न हामी सबैलाई हो– के हामी एल्गोरिदमले बुनेको कथानकको गोटी बनिरहने ? कि यथार्थको गहिराइ बुझेर विवेकपूर्ण निर्णय गर्ने ? रातोपाटीबाट

## तपाईंको आज

| मेष | वृष | मिथुन | कर्कट | सिंह | कन्य |
|---|---|---|---|---|---|
| पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरु बढ्नेछन्। | आँटले काम बन्नुका साथै मनग्य धन आर्जन हुनेछ। विछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। | रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। | समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ। आफ्नै कमजोरीले इष्टमित्र टाढिन सक्छन्। | रोकिएका काम पुनः प्रारम्भ गर्न सकिनेछ। द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन्। प्रतिस्पर्धामा विजय प्राप्त हुनेछ। | आम्दानी बढ्नेछ भने परिवारजनका आवश्यकता पूरा हुनेछन्। गरेको कामले राम्रै लाभ दिलाउनेछ। |
| **तुला** | **वृश्चिक** | **धनु** | **मकर** | **कुम्भ** | **मीन** |
| दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ। गरिएका कामको राम्रै मूल्यांकन हुनेछ। | विभिन्न अवसर प्राप्त हुनुका साथै कीर्तिमानी काम गर्ने समय छ। व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ। | शुभचिन्तकहरूको सहयोग जुट्न सक्छ। अरूलाई प्रभावित पारेर काम बनाउने समय छ। | आँटेका काममा साथ दिनेहरु प्रशस्तै भेटिनेछन्। परिवारजनको साथले थप उत्साह जगाउनेछ। | काममा लगानी गर्न केही समय प्रतीक्षा गर्नुहोला। पढाइलेखाइमा पनि समय दिन नसकिएला। | गोपनीयता बाहिरिनाले समस्या पर्नेछ। सामान्य काममा धन र श्रम खर्चनुपर्ला। |



**पशु स्वास्थ्य घुम्ती शिविर :** तनहुँको ऋषिङ गाउँपालिकाको पशु सेवा शाखाले वडा नं. ५ मा बिहीबार सञ्चालन गरेको पशु स्वास्थ्य घुम्ती शिविरमा सेवा लिन आएका स्थानीय । शिविरमा पशु तथा घरपालुवा जनावरहरूको स्वास्थ्य परीक्षण तथा खोप दिनका साथै औषधी उपचार गरिएको थियो ।
*तस्विर : भञ्ज्याङ*

# माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण सम्पन्न

**रासस**/म्याग्दी

म्याग्दीको रघुगङ्गा गाउँपालिका–७ मा २२ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ । ठूलोखोला हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको भौतिक संरचना, विद्युत्गृहमा उपकरण जडान र प्रसारण लाइन निर्माण सम्पन्न भएको हो । आयोजना प्रमुख शिवसागर यादवले भौतिक संरचना निर्माण सम्पन्न गरी परीक्षण उत्पादन थालिएको जानकारी दिनुभयो ।

“बाँध, विद्युत्गृह, पाइपलाइन, प्रसारणलाइन र विद्युत्गृहका उपकरण जडानका साथै आन्तरिक परीक्षण सकिएको छ,” उहाँले भन्नुभयो, “नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीको उपस्थितिमा परीक्षण उत्पादनमा जुटेका छौँ ।”

विसं २०७८ मा उक्त आयोजना निर्माण सुरू भएको थियो । आयोजना निर्माणस्थल भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित छ । सुगुरथलामा बाँध, डिसेन्डर (पानी थिग्राउने पोखरी), दुई हजार ९०० मिटर मुख्य पाइपलाइन र ३०० मिटर सर्च साफ्ट पाइपलाइन जडान, फेदीमा विद्युत्गृह निर्माण गरिएको छ । विद्युत्गृह परिसरमा ‘स्वीचयार्ड’ निर्माण गरिएको छ ।

यो आयोजना ‘रन अफ द रिभर’ प्रकृतिको हो । फेदीदेखि बन्दीसम्म १४ वटा टावर बनाएर पाँच किलोमिटर लामो १३२ केभी क्षमताको प्रशारण लाइन निर्माण गरिएको छ । बन्दीदेखि ठूलोखोला र चिमखोलादेखि चिमखोला–मङ्गले–राहुघाट जलविद्युत् आयोजनासँग सहकार्य गरेर तिल्केनीचौर हुँदै २२० केभी क्षमताको दाना–खुर्कोट प्रसारण लाइनमार्फत आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा आवद्ध गराइएको छ ।

देव ऊर्जा कन्ट्रक्सन सिभिल, हाइड्रोमेकानिकल र बिएफएल बेङ्गलोर इलेक्ट्रोमेकानिकल ठेकेदार हुन् । रू तीन अर्ब लागत अनुमान गरिएको आयोजनामा सिटिजन्स र माछापुच्छ्रे बैंकले ७० प्रतिशत ऋण लगानी गरेका छन् । प्रवर्द्धकको १० प्रतिशत लगानी रहने आयोजनाको २० प्रतिशत लगानी शेयर जारी गरेर सर्वसाधारणमार्फत जुटाइनेछ ।

राहुघाट र सहायक नदीमा यसअघि तीन वटा जलविद्युत् आयोजना निर्माण भइसकेका छन्। तुँदी पावरले प्रवर्द्धन गरेको ३५ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला–राहुघाट–मङ्गले र त्यसको क्यासकेडको रूपमा ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना सञ्चालनमा आइसकेका छन् ।

राहुघाटको सहायक ठूलोखोलामा संयुक्त ऊर्जा लिमिटेडले निर्माण गरेको २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले गत भदौदेखि व्यावसायिक उत्पादन थालेको थियो । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।

बन्दीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
**बन्दीपुर अस्पताल**
बन्दीपुर-०४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

## त्रुटी सच्याईएको सम्बन्धी सूचना

बन्दीपुर अस्पतालको मिति २०८२/११/२५ गतेको स्वीकृति पत्र (Letter of Acceptance) सम्बन्धी सूचनामा कार्य-सम्पादन जमानत रकमको म्याद (Validity of Performance Security) **2084/12/30 BS (12th April, 2028 AD) हुनुपर्नेमा अन्यथा भएकोमा सच्याईएको व्यहोरा** सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**मेडिकल सुपरिटेण्डेन्ट (९८५६०६३३३१)**

## प्रतिनिधि .......

दल बनेको छ । नयाँ संविधान जारी भएपछि एउटै दलले प्रस्ट बहुमत ल्याएको यो पहिलो पटक हो ।

कांग्रेसले ०४८ देखि ०८२ सम्म भएका ८ निर्वाचनमध्ये २ निर्वाचनमा एकल बहुमत ल्याएको थियो । उसले ०४८ र ०५६ मा भएका निर्वाचनमा बहुमत प्राप्त गरेको थियो । प्रतिनिधिसभामा कांग्रेसको उपस्थिति ०४८ मा ५३.६६ र ०५६ मा ५४.१५ प्रतिशत थियो ।

कांग्रेसको सबैभन्दा कमजोर उपस्थिति यही फागुन २१ गतेको निर्वाचनपछि हुने भएको छ । यो पटक प्रतिनिधि सभामा कांग्रेसको उपस्थित १३.८२ प्रतिशतमात्रै छ। यसभन्दा अगाडि कांग्रेसको सबैभन्दा कमजोर उपस्थिति ०६४ मा भएको पहिलो संविधान सभा निर्वाचनमा थियो । त्यो बेला प्रतिनिधि सभाको समेत काम गरेको संविधान सभामा कांग्रेसको उपस्थिति १९.१३ प्रतिशत थियो । रातोपाटीबाट

## विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

**चैत ०६ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।
२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुवराज अधिकारी**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**चैत्र ०७ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स-रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
ब्यास-२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

# ऊर्जा सुरक्षामा चीनको कडाइ

**रासस**/एएफपी/बेइजिङ

मध्यपूर्वमा चर्किएको युद्धले विश्व ऊर्जा बजारमा अस्थिरता बढिरहेका बेला चीनले आफ्नो ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै परिष्कृत तेल उत्पादनको निर्यातमा कडाइ गरेको समाचार सार्वजनिक भएको छ । ब्लुमबर्ग न्युजका अनुसार बेइजिङले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता रिफाइन्ड तेल उत्पादनको विदेश पठाउने प्रक्रिया सीमित बनाउन थालेको छ ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र मानिने चीन कच्चा तेलको सबैभन्दा ठूलो आयातकर्तामध्ये एक हो । चीनका विशाल रिफाइनरी उद्योगले मुख्यतया घरेलु बजारलाई आपूर्ति गर्ने भए पनि उसले पेट्रोल, डिजेल र जेट इन्धनजस्ता परिष्कृत तेल उत्पादन विदेश पनि पठाउँदै आएको छ । आधिकारिक भन्सार तथ्याङ्कअनुसार गत वर्ष चीनले करिब पाँच करोड ८० लाख टन रिफाइन्ड तेल उत्पादन निर्यात गरेको थियो ।

तर मध्यपूर्वमा बढ्दो युद्ध तनावका कारण अहिले चिनियाँ तेल रिफाइनरीहरूले पहिले नै सहमति भएका केही निर्यात कार्गोहरु रद्द गर्न थालेका छन् । ब्लुमबर्ग न्युजले यस विषयमा जानकारी राख्ने तर पहिचान नखुलाइएका स्रोतहरूलाई उद्धृत गर्दै यस्तो जानकारी दिएको हो ।

रिपोर्टअनुसार पछिल्लो निर्देशन अघिल्लो हप्ता दिइएको मार्गनिर्देशनभन्दा अझ कडा मानिएको छ । त्यसबेला ढुवानी अस्थायी रूपमा रोक्ने सल्लाह दिइएको भएपनि त्यसलाई अनिवार्य निर्देशनको रूपमा बुझिएको थिएन।

बिहीबार बेइजिङमा आयोजित नियमित पत्रकार सम्मेलनमा यस विषयमा सोधिएको प्रश्नमा चीनको विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले आफू यस रिपोर्टबारे जानकार नभएको बताउनुभयो ।

इरानमा अमेरिका र इजरायलबीच सुरू भएको युद्धपछि विश्व ऊर्जा बजार निकै अस्थिर बनेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बिहीबार प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ । खाडी क्षेत्रका केही राज्यमा तेहरानले गरेको आक्रमणका कारण ऊर्जा आपूर्ति अवरूद्ध हुने चिन्ता बढेको छ ।

यस अवस्थालाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले रणनीतिक भण्डारबाट कच्चा तेल ठूलो परिमाणमा बजारमा ल्याउने घोषणा गरेको थियो । तर चीन उक्त एजेन्सीको पूर्ण सदस्य नभएकाले संयुक्त रूपमा गरिएको त्यस्तो निर्णयमा सहभागी हुन बाध्य छैन ।

त्यसैबीच मध्यपूर्वबाट ऊर्जा आपूर्ति प्रभावित हुने चिन्ता अझै कम भएको छैन । विश्व कच्चा तेल आपूर्तिको झण्डै पाँचौँ भाग ओहोरदोहोर गर्ने होर्मुज जलडमरूमध्य अहिले प्रभावकारी रूपमा बन्दजस्तै अवस्थामा पुगेको छ । विश्लेषण फर्म क्लेपरका अनुसार गत वर्ष चीनले समुद्री मार्गबाट आयात गरेको कुल कच्चा तेलमध्ये आधाभन्दा बढी हिस्सा मध्यपूर्वबाट आएको थियो ।

यद्यपि विश्लेषकहरूका अनुसार चीनले वर्षौंदेखि रणनीतिक रूपमा ठूलो तेल भण्डार तयार पार्दै आएकाले छोटो अवधिमा सम्भावित आपूर्ति अवरोध सामना गर्न सक्ने स्थिति छ ।

क्लेपरको अनुमानअनुसार चीनसँग करिब एक अर्ब २० करोड ब्यारेल बराबरको स्थलमा रहेको कच्चा तेल भण्डार छ । यो परिमाण समुद्री मार्गबाट हुने आयातका आधारमा करिब ११५ दिनका लागि पर्याप्त मानिन्छ ।

यसअघि कारखाना स्तरमा बढ्दो मुद्रास्फीति देखिएपछि बेइजिङले सन् २०२१ मा आफ्नो रणनीतिक तेल भण्डारबाट केही मात्रा बजारमा ल्याउन अनुमति दिएको थियो । त्यो निर्णय राष्ट्रिय खाद्य तथा रणनीतिक भण्डार प्रशासनले घोषणा गरेको थियो । तर हालको विश्व ऊर्जा बजारको उथलपुथलबीच उक्त निकायले अहिलेसम्म यस्तै नयाँ कदम घोषणा गरेको छैन । विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले यसै साता चीनले आफ्नो ऊर्जा सुरक्षाको रक्षा गर्न आवश्यक सबै कदम चाल्ने बताउनुयो ।

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## नसर्ने रोगहरूको पहिचानका लागि अभियान - २०८२

नेपालमा मृत्यु र अपाङ्गताको मुख्य कारणका रूपमा रहेको नसर्ने रोगको बढ्दो जोखिमलाई ध्यानमा राखी नसर्ने रोगहरूको रोकथाम, प्रारम्भिक पहिचान, र व्यवस्थापनका लागि देशव्यापी अभियान सञ्चालन हुँदैछ ।

यदि तपाईंको उमेर ३० वर्षभन्दा माथि छ भने नजिकैको वा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई यी जाँचहरु गराई आफ्नो स्वास्थ्य अवस्था थाहा पाउनुहोस् र स्वास्थ्य प्रतिको आफ्नो जिम्मेवारी पुरा गर्नुहोस् ।

- मधुमेह जाँच (रगतमा चिनीको मात्रा परीक्षण)
- मिर्गौला सम्बन्धी रोगको जाँच
- रक्तचाप (ब्लडप्रेसर) मापन
- उचाइ र तौलको आधारमा BMI मापन

यो अभियान देशभरका स्थानीय तह अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूमा सञ्चालन हुँदैछ ।

समयमै नसर्ने रोगको जाँच गराऔँ, स्वस्थ र दीर्घ जीवन बाँचौ ।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
दमौली, तनहुँ, नेपाल



**कामले गति लिंदै** : तनहुँको व्यास नगरपालिका-५ र ऋषिङ गाउँपालिका-१ स्थित सेती नदीमा १४० मेगावट क्षमताको तनहुँ जलविद्युत आयोजनाको निर्माणाधीन मुख्य बाँध । आयोजनाले बाँध निर्माण कार्यलाई तीव्रताका साथ अगाडि बढाइरहेको छ । *तस्विर : भञ्ज्याङ*

# पोखरा रंगशालामा 'फ्लड लाइट' अभाव

**रासस**/गण्डकी

पोखरा रङ्गशालामा गत माघ २७ देखि फागुन ९ गतेसम्म सञ्चालित २५औं संस्करणको आहा! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता रात्रिकालीन समयमा खेलाउने प्रयास सफल हुन सकेन। अस्थायी 'फ्लड लाइट' राखेर उद्घाटन खेल सञ्चालन गरिए पनि मैदाननमा पर्याप्त प्रकाश नपुगेका कारण अन्य प्रतियोगिता दिउँसोकै समयमा सार्नुपर्‍यो ।

आयोजक सहारा क्लब पोखराले पहिलोपटक पोखरामा रात्रिकालीन फुटबलको अनुभव दिलाउन गरेको उक्त प्रयासले अन्तर्राष्ट्रिय स्तरको पोखरा रङ्गशालामा 'फ्लड लाइट' जडानका लागि सम्बन्धित निकायलाई सकारात्मक दबाब भने पुगेको क्लबको ठहर छ।

"रात्रिकालीन फुटबल प्रतियोगिता खेलाउन हामीले प्रयास गर्‍यौं, तर पहिलोपटक भएका कारण केही प्राविधिक समस्या पनि रहे, खेलाडी र दर्शकबाट प्रकाश नपुगेको गुनासो आयो", क्लबका अध्यक्ष केशवबहादुर थापाले भन्नुभयो, "निजी क्षेत्रको क्लबले अस्थायी रूपमा भए पनि फ्लड लाइट राखेर प्रतियोगिता सञ्चालनको प्रयास गर्नु आफैंमा महत्वपूर्ण छ, यसले राज्यका सम्बन्धित निकायमा पनि सकारात्मक दबाब पुगेको हामीले महसुस गरेका छौं ।"

अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता सञ्चालनका लागि पोखरा रङ्गशालामा 'फ्लड लाइट' अनिवार्य रूपमा राख्नुपर्ने उहाँले बताउनुभयो । ठूलो धनराशि खर्चेर बनाइएको उक्त रङ्शालामा 'फ्लड लाइट' जडानको योजना अझै कार्यान्वयनमा आउन सकेको छैन। तत्कालीन भौतिक पूर्वाधार विकास तथा ऊर्जामन्त्री कुलमान घिसिङले गत मंसिरमा रङ्गशाला निरीक्षणका क्रममा पनि 'फ्लड लाइट' जडानको योजना अगाडि बढाउने प्रतिबद्धता जनाउनुभएको थियो ।

"पोखरा रङ्गशालामा फ्लड लाइट जडानको माग पटकपटक उठ्दै आएको छ, विभिन्न कारण देखाउँदै अहिलेसम्म जडान गरिएको छैन", सहारा क्लबका अध्यक्ष थापाले भन्नुभयो, "अब बन्ने नयाँ सरकारले फ्लड लाइटका लागि योजना र बजेट ल्याउँछ कि आशा गरौं ।"

खेल क्षेत्रमा रहेको केन्द्रीकृत मानसिकताका कारण पनि राजधानीबाहिर खेल पूर्वाधारको अवस्थामा अपेक्षित सुधार आउन नसकेको अध्यक्ष थापाको भनाइ छ । 'फ्लड लाइट' नहुँदा पोखरामा रात्रिकालीन खेल गतिविधि सञ्चालन गर्न नसकिएको उहाँले बताउनुभयो ।

अन्तर्राष्ट्रिय फुटबल महासंघ (फिफा)को मान्यता पाउन पनि रङ्शालामा 'फ्लड लाइट' अनिवार्य हुनुपर्ने व्यवस्था छ। १६ हजार ५०० दर्शक क्षमताको स्तरीय रङ्गशाला भईकन पनि 'फ्लड लाइट' नहुनुलाई खेल क्षेत्रका पदाधिकारी दुःखद मान्छन्। पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले बजेट अभावमा पोखरा रङ्गशालामा 'फ्लड लाइट' जडान हुन नसकेको जनाएको छ। 'फ्लड लाइट'का लागि करिब १२ करोडको लागत अनुमान गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद्ले केही वर्षअघि 'फ्लड लाइट'का लागि छुट्याएको रू पाँच करोड बजेट कोभिड-१९ महामारीका कारण काम हुन नसकी फिर्ता भएको थियो । देशकै ठूलो र सुविधायुक्त यस रङ्शालाको सञ्चालन तथा व्यवस्थापनमा संघ र प्रदेश सरकारबीच सहकार्य हुनुपर्ने आवाज खेल क्षेत्रमा उठ्दै आएको छ । अन्तर्राष्ट्रिय स्तरको भएर पनि 'फ्लड लाइट' नहुँदा पोखरा रङ्शालाको उपयोगिता खुम्चिएको भन्दै चिन्ता व्यक्त हुने गरेको छ । अन्तर्राष्ट्रिय स्तरका प्रतियोगिता सञ्चालनका लागि रङ्गशालामा फ्लड लाइटलगायत अन्तर्राष्ट्रिय मापदण्डका पूर्वाधार आवश्यक पर्छ। पोखरामा रात्रिकालीन प्रतियोगिता सञ्चालन गर्न सकेमा रङ्शालाबाट राज्यले पनि लाभ लिने र खेल गतिविधि बढ्दा यहाँको आर्थिक क्षेत्र पनि चलायमन हुने जनाइएको छ ।


साँझ र रात्रिपख खेलकुद प्रतियोगिता सञ्चालन गर्दा जागिरे र कामकाजी व्यक्तिले समेत खेलबाट फाइदा लिन सक्नेछन् । प्रतियोगिता मात्रै नभएर रात्रिकालीन खेल अभ्यासका लागि पनि रङ्शालामा 'फ्लड लाइट' अत्यावश्यक रहेको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्वअध्यक्ष दीनानाथ बरालले बताउनुभयो । यो विषय उठ्ने गरे पनि राज्यका खेल सम्बद्ध निकायले बेवास्ता गर्ने गरेको उहाँको भनाइ छ ।

तीन वर्षअघि पोखरामा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअघि नै बत्ती जडान गर्ने राखेपको प्रतिबद्धता पनि त्यो बेला पूरा हुन सकेन । रू एक अर्ब २८ करोडको लगानीमा छ वर्षअघि पोखरा रङ्शाला निर्माण गरिएको थियो । हाल १६ हजार ५०० दर्शक क्षमता रहेकामा त्यसलाई बढाएर २० हजार पुर्‍याउने सरकारको योजना छ ।



facebook twitter

**Govind Raj Pokharel**



x.com/grpokharel

युद्धमा असफलता पछि नयाँ सेना प्रमुखको भूमिका समाप्त हुँदैन। गीता अनुसार असफलताले कर्तव्य त्याग्नु हुँदैन; परिणामको मोह छोडेर धर्म र कर्तव्यका लागि पुनः दृढ भएर अघि बढ्नुपर्छ। निराशा त्यागेर कमजोरी समीक्षा, नया रणनीति र संगठन गर्दै अर्को युद्धका लागि तयारी गर्नु नै सच्चा नेतृत्व हो।

**Tara Nath Dahal**



x.com/tndahal7

पूर्ण समानुपातिक निर्वाचन प्रणाली भएको भए-कुनै दलको बहुमत नआउने रहेछ ।
सुनामी भनिएपनि रास्वपको मत ४८% मा नै सीमित भयो। थ्रेसहोल्ड बिनाको समानुपातिक भएको भए-प्रतिनिधित्व गर्ने दल पनि बढ्ने रहेछन।
मिश्रित प्रणालीको बेफाईदा मात्र छैन, यसलाई फाल्छौं भन्ने नै पटक पटक फाईदामा परेका छन।

**Birat Aanupam**



x.com/birat_anupam

ओली हारेको भन्दै झापालीलाई तथानाम गाली गर्ने पत्राउ परे तर रास्वपालाई मत नदिएको भन्दै कर्णालीलाई गाली गर्ने पत्राउ परिनन् । महावीर पुनसँग प्रश्न गर्ने पत्राउ परे तर सिंहदरबार जलाउने भन्दै जाहेरी परेकाहरु पत्राउ परेनन् ।

# बिमाका बिरामीलाई बाहिर औषधि खरिद नगराउन अस्पताललाई निर्देशन

**भञ्ज्याङ समाचारदात**/काठमाडौं

स्वास्थ्य बिमा बोर्डले उपचार गराउन आएका बीमितलाई बाहिर औषधि खरिद नगराउन सबै अस्पताल (स्वास्थ्य संस्था)लाई निर्देशन गरेको छ ।

बोर्डका सूचना अधिकारी विकेश मल्लले सबै अस्पताललाई परिपत्र जारी गर्दै बीमितलाई बाहिर औषधि पसलमा औषधि तथा औषधिजन्य सामग्री खरिद नगराउन निर्देशन दिएको जानकारी दिनुभयो। बीमितसँग बिमा सेवका विभिन्न प्याकेजभित्र समावेश हुने औषधि तथा औषधिजन्य सामग्री सोही अस्पताल तथा बाहिरका औषधि पसलबाट नगदमा खरिद गर्न लगाउने गरेका छन् ।

सूचना अधिकारी मल्लले बिरामीलाई बाहिरका औषधि पसलबाट औषधि खरिद गर्न लगाउने अस्पताललाई स्वास्थ्य बिमा ऐन २०७५, स्वास्थ्य बिमा नियमावली २०७५ तथा प्रचलित निर्देशिका र कार्यविधि विपरीत



बीमितसँग केही स्वास्थ्य संस्थाले प्याकेजमा गरिने उपचारमा औषधि बाहिर खरिद गराउने पाइएकोले त्यस्ता नगर्न/नगराउन सबै अस्पताललाई परिपत्र गरिएको उहाँले बताउनुभयो ।

"केही अस्पतालले बीमितलाई उपचार गरेसँगै बाहिर औषधि खरिद गर्न लगाएको गुनासो आएको छ", उहाँले भन्नुभयो, "त्यसैले हामीले त्यसरी बीमितलाई बाहिर औषधि खरिद नगर्न नगराउन निर्देशन दिँदै अस्पताललाई परिपत्र गरेका हौं ।"

उहाँका अनुसार अस्पतालले रहेको भन्दै त्यस्ता अस्पताललाई स्वास्थ्य बिमा नियमावली २०७५को नियम १८ को उपनियम (१) को खण्ड (क) बमोजिम कारबाही गरिनेसमेत बताउनुभयो ।

स्वास्थ्य बिमा कार्यक्रममा अन्तर्गत पाँचजना परिवारसम्मका लागि रू तीन हजार ५०० बराबरको योगदानको आधारमा रू एक लाख सम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ ।

यस्तै थप प्रति सदस्य ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रति सदस्य २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४